परिचय

# मगर जातिको ऐतिहासिक र सांस्कृतिक विवरणको संक्षिप्त रुपरेखा

- प्रेमकुमार आले मगर

मगर शब्दको उत्पत्ति पूर्वेलीहरूमा 'मङ्गर' र पश्चिमेलीहरूमा 'मगर' शब्द प्रचलित छ । अब प्रायः मगरनै सर्वव्यापी छ । किराँत इतिहासकार इमानसिंह चेमजोङ्गद्वारा लिखित 'मगर ट्राइब' नामक पुस्तकमा वर्णित उत्तरतिरको शीरभूमी हो जहाँबाट सिंग (Singh) मगर, र चितु मगर नामक दुई मानव समूह दक्षिणतिर आएर तानसाङ्ग थापा कहलाइए जसको अर्थ हुन्छ उत्तरतिरबाट आएको ।

चिनीयाँ र बर्मेली भाषामा मंगोलियनलाई मंग अथवा मोंग भनिन्छ औ अर वा आउरीको अर्थ हुन्छ छोरा-छोरी वा सन्तान । यसैले मोंग+अर - मोङअर+मंगर अर्थात मंगोलियनको सन्तान वा छोरा-छोरी हुन्छ । मगरबाट 'मगर' भएको हुनसक्छ । मगरहरू सम्बन्धित भएको जाति किराईत र मोंग कू (यायावर) जातिसँग सम्बन्धित भएको हुनुपर्छ । जो सिक्किम र पूर्व नेपालमा युगौं अघि आएका थिए । लेप्चाहरूको एक थरलाई 'मोगरम' भनिन्छ । मगरहरूले सम्वत सिक्किम बस्दा 'शंखरखण्ड' (Sweet Potato) ल्याएका थिए जसलाई लेप्चाहरू 'मंगरबुक' भन्दछन् ।

मगरको अस्तित्व : हालको सिक्किम सोरेङ छेउ मगरजोङ खोला (Magarging Brook) बग्दछ जो बरामटार छेउ पर्दछ । दक्षिण सिक्किमको कितामामा मगर राजाको पूरानो दरबार थियो । आज पनि त्यसलाई गढी डाँडा भनेर जानिन्छ । मल्ली बजारदेखि रातेपानी जाँदा भेटिने रवि खोला र कालि खोला छेउ मगर पल्टन लुक्ने ट्रेन्च (Trench) थियो । हाल भग्नावशेष मात्र छ । गोरुको जुरो [illegible] त्यस समस्त ठाउँ इलाकालाई मगरजुङ भनिन्छ । जसको अर्थ हुन्छ मगरको किल्ला । पं.शरतचन्द्र दासले (A Journey to Lhasa) मा उत्तर सिक्किमको तथा पूर्वी नेपालको 'काङवाचेन' नदी उपत्यकाको उल्लेख गरेका छन् । जहाँ सिन्तु सती सेन नामका राजाको किल्ला भएको जानकारी दिएका छन् । 'दार्जिलिङ्गमा सूकिया पोखरी खण्डस्थित मगर जूङ मगरहरूको किल्ला भनिएको ज्वलन्त उदाहरण हो ।

नागग्री/नागरी: सेन बंशको बंशावली लेख्ने भवदत्तले (१८०२) तुया रायका छोरा दिमी रायले नागहरूलाई जिते भनि लेखेका छन् । नागको अर्थ मगरहरूलाई भनेको हुनसक्छ । कारण पाल्पाका आदिनिवासी मगरहरू थिए । यसैले नागहरूको गढी-नाग गढी+नाग+ग्री = नागरी ।

प्रोफेसर जोसेफ टुची (रोम) ? ई. सन् पाँचौ शताब्दीमा मध्य एशिया चीन र रुसको बचि (स्टेप्ज) Steppes को मैदानमा एउटा घोडचडी लडाकाहरूको युग थियो । पछि यिनीहरूलाई 'टर्की' मंगोल भनियो त्यसका एक थरीका जाति हुणको राजा एट्टिला (Attila The Great) को शक्तिशाली घोडचडी सेना थियो जसलाई मगर सेना भनिन्थ्यो । त्यसै सेनाले स्थापित गरिएको देश हुनाले 'हंगेरीलाई म्यगेर (Magyar) भनिन्छ । धरणीधर दाहाल (सिक्किम राजनैतिक इतिहास- पृ.०३ दक्षिण सिक्किमका राजा तोर्मे पनुको तीन भारदार सेनापति मध्ये एकजना लिम्बु र एक जना मगर थिए । त्यस समय दिल्लीमा खिलजी वंश राज्य गर्थे । (सन् १२३०-१३१६)

जाति प्रकार : मगर मूल जातिको सातवटा थरहरू छन् :

१) राना २) आले) ३) थापा ४) बुढाथोकी वा बुढा ५) रोका ६) पुन ७) घर्ती जम्मा ८०८ वटा उपथरहरू/८१६ धर्मप्रसाद श्रीस/९१८ Dr. H.B. Bura.

| राना | आले | थापा | बुढाथोकी | रोका | पुन | घर्ती | बुढा |
|---|---|---|---|---|---|---|---|
| १७५ | १४३ | ३३५ | ३५ | १ | ६२ | ५८ | |
| (C.J.Morris) | | | | | | | |
| १७९ | १६२ | ३४२ | २७ | ७ | ४९ | ५ | ७ |
| (धर्म प्र.श्रीस) | | | | | | | |
| १९० | १८४ | ३८६ | ३५ | ३ | ६२ | ५८ | ९ |
| (Dr. H.B.Bura) | | | | | | | |

भाषा : मगर भाषा नेपाली भाषाभित्रको एक बोली (Dialoct) मानिन्छ । मगरहरूको भाषालाई मगर भाषा पनि भनिन्छ । तर यसको अर्को नाम हो - अक्खारीका । यो पूर्वेली र पश्चिमेली लगायत मगर जातिभित्रै पनि कतिवटा ठाउँमा आपसमा मिल्दैन । 'घट घट में पानी बदले कोष-कोष मे भाषा' माथि आधारित भएको हो कि ?

लिपि : अक्खारीका लिपि आविष्कार भएका छन् ।

अस्तित्व : मगरहरूले पहिले पशु पालेको, खेती गरेर रजाई गरेको क्षेत्र काठमाडौं उपत्यकानै थियो । गोपाल र मदिपाल (महिषपाल) यिनै मगरहरू थिए - (प्रा.एस.शर्मा दियालो विशेषांक पृ.२७७)

मगरहरूको बनावट : (नृतत्वविज्ञानको आधारमा) - मगरहरू झट्ट हेर्दा नै मंगोलियन शाखाका हुन् भन्न सकिन्छ । नृतत्वविताले अन्य मंगोल समूह जातिबाट मात्र मगरलाई छुट्याउन सक्दछन् । नत्र शारिरीक बनावट गुरुङ, राई, लिम्बु, सुनुवार, तामाङ, थकाली, थारु, दनुवार, सयु, चेपाङ र नेवार जस्तै देखिन्छ ।

थरगोत्रावली (शिखरनाथ सुवेदी) अनुसार :

असल मगरको थेप्चो हुन्छ नाक,
जुँघा दाह्री हुँदैन ठूलो हुन्छ चाक ।
सानु हुन्छ टाउको, चेप्टो हुन्छ ढाड,
बाङ्गीएका पिडौला ठूलो हुन्छ हाड ॥

क) आले मगरहरू : यिनीहरूको शारिरीक बनावट धेरै मिलेको र रौंहरू पनि केही मसिनो र कालो हुन्छ । ख) घर्ती मगरहरू : आलेहरू भन्दा केही खाईलाग्दा र अग्ला हुन्छन् । बासस्थान पाल्पा, भीरकोट, तनहुँ, गोर्खा र रिसिङ्गमा ग) पुन मगरहरू : पहाडी भेगका पुनहरू केही अग्ला, निडर कपालका रौंहरू केही घुंघरिएका हुन्छन् । बासस्थान दक्षिण भेगका पुनहरू केही होचा हुन्छन् । उत्तर गुल्मी, म्याग्दी र पर्वते किल्ला । घ) छन्त्याल मगरहरू : उत्तरी भेकका पुनहरूसित छन्त्यालहरूको बनावट मिल्दछ । ङ) राना मगरहरू : भीरकोट, पाल्पा र गुल्मीमा बसोबास (बेसी जस्ता) केही पातलो र केही कालो देखिने रानाहरूको शारिरीक ढाँचा मिलेको देखिन्छ । च) रोका

2015 01 02

मगरहरू : सबभन्दा कम संख्या भएको रोका मगरहरू प्युठान, गुल्मीको उत्तर तथा बाग्लुङ्गमा पाईन्छ । यिनीहरूको केही अग्ला ओठ केही गोरो हुन्छ । छ) थापा मगरहरू : संख्या बढी भएको घर । अधिराज्यको प्राय: सबै ठाउँमा व्याप्त घनत्व भएको पाल्पा, तनहूँ र गुल्मी ।

**शारिरीक बनावट** : प्राय ५' ३" उँचाई मिलेको शरीर तथा जीउ बाक्लो (मोटो) खालको हुन्छ । गहुँगोरो रंग कालो बाक्लो र मोटो रौं भएका हुन्छन् । हेर्दैमा सैनिक जस्ता देखिने मगरहरूको क्षेत्री बाहुन जस्तो बाक्लो दाह्री जुँघा हुँदैन । अनुहार हात खुट्टामा प्राय: रौं भने हुन्छ । मगरहरूको हात पाखुरा र तिघ्रा मडारिएको केही ठूलो र मजबुत एवं छाति फुकेको हुन्छ । नाक थेप्चिएको टाउको केही ठूलो हुन्छ । क्षेत्री बाहुनको जस्तो भित्र पसेको आँखा र गाला हुँदैन ।

**स्वभाव** : सोझा, रमाईला, हँसिला, र खुल्ला हृदयनै मगरको परिचय हो । झट्ट हेर्दा हेलमेल बेर लाग्ने स्वभाव तर हेलमेल भए छुट्न नसक्ने । अनावश्यक कुरा नगर्ने तथा फटफट स्वभाव नभएको एउटा काममा लागेपछि धुन लाउने, कम्ती रिसाउने, तर रिस उठे आँखा नदेख्ने । परिश्रमी, आत्मविश्वासी, स्वतन्त्रप्रेमी, शुरबीर, बहादुर, आदि मगरको बंशानुगत गुण हो । अनुशासन र इमान्दारितामा विश्वप्रसिद्ध मनोरञ्जनप्रेमी, रक्सी खाने, जुवा खेल्ने, व्यापार रहित मगर जाति सरल र सोझा हुन्छन् ।

निमको सोझो गर्ने मगरको जात,
जहाँ गयो वहाँ मालिक लिने हात ।
लडाईमा गएपछि फत्ते गरी आउने,
सरकारले दिएको तक्माहरु लाउने ॥
मगर बलिया लडाईका शुरा,
नपढेका भएपनि इलम पूरा ।।।

[illegible]नाथ सुवेदी थर गोत्रावलीबाट साभार

**धर्म** : मगरहरू अझैपनि झाँक्रीवादमा विश्वास गर्छन् । मगर जातका वा अन्य जातका झाँक्रीमा पुर्ण विश्वास । शहर [illegible]तिर थोरै मगरहरू वैज्ञानिक पद्धतिमा लागेका छन् । मगरहरू पुरानो 'बोनपो' धर्म मान्छन् । कति सनातन र कति बौद्धमार्गीहरू छन् । भारतका मगरहरू बोनपो, प्रकृतिपूजा सनातन मान्छन् भने नेपालतिरका धेरै मगरहरू बौद्धमार्गी पनि छन् । मगरहरू विशेष वायु (Evil spirits) लाई मान्छन् र बोका, भेडा (सुनभेडा) (Pure White) हाँस, कुखुरा, आदि दिएर पूजा गर्दछन् । यसमा तीन पुस्तासममको नाममा भोग र धुप दिने चलन छ । यो बुद्ध पूर्णिमामा सम्पन्न हुन्छ । भीमसेनको पनि पूजा गरिन्छ । रातो बास्ने भाले, भोग दिएर । घरको धुरी खाँवोमा । सुत्केरी आदि भएमा नयाँ र जंगलको नाममा पूजा गरिन्छ । यसो गरिएको नानीहरू अन्धा, लाटा, लंगडा नहोस् भनेर । नयाँलाई भाले पोथी र जंगलकोलाई पोथी र अण्डा चढाइन्छ ।

साउन महिनामा फलफूलको पूजा गरिन्छ । त्यसबेला कुललाई बोलाई रक्सी, फल, फुल आदि चढाइन्छ बिदा गरिन्छ । खेती राम्रो होस भनेर यसो गरिएको । मगरहरूले गाई धुप (नौनी) मात्र व्यवहार गर्छन् । तर कुनै धुप कुलादिको पूजामा चढाइन्दैन । महालयमा श्राद्ध गर्ने चलन छ । यो फुलपातिको अघि षष्ठीको दिन गरिन्छ । यसमा दिवंगत आत्माहरूलाई बोलाएर खाना पीना साथै गराइन्छ । मगरहरू शिकारी नयाँ जंगलको, बुढा सुब्बा, भीमसेन वायु आदिको पूजा गर्छन् । मगरहरू लडाकु जाति भएकोले किराँतेश्वर, गुरु गोरखनाथ शिव र खचण्डी (पाँचमहाकाली) दुर्गा आदिको पूजा गर्छन् । हिन्दू सनातन धर्म पनि मान्छन् ।

**विवाह पद्धति** : मगर जातिमा विवाह गर्दा दुलहा-दुलहीको उमेर २०-२४ को भएको असल ठानिन्छ । मगरहरूमा फुपू चेला र मामा चेलीलाई मान्यता दिएको छ । तर मामा चेला र फुपू चेली भने बर्जित र महापाप ठानिन्छ । मामाको छोरीलाई हक लग्छ । मागेर वा चोरेर दुवै प्रकारले विवाह गर्ने चलन छ । विधवा विवाह गर्न पाइन्छ । विधवा विवाहित भाउज्यूलाई देवरले राख्ने चलन प्राय: वर्तमानमा लुप्तप्राय: छ 'मर्दको सातवटी स्वास्नी' भन्ने चलन अशिक्षित मगरहरू माझ नै देखिन्छ । मामाको छोरी रोजी-रोजी लोकोक्ति अनुसार साली बिहे गर्ने चलन अधिकारको रुपमा छ । तर भान्जाले अर्कै विवाह गरे मामालाई कैफियत दिनुपर्छ वा डाँढ शिर उठाउनी गर्नुपर्छ । पुरुष प्रधान समाज केटी माग्ने चलन छ । केटीले केटा खोज्ने चलन छैन । प्रेम विवाह पनि आजभोलि प्रचलित नै छ । बाल विवाह प्राय: छैन । केटाले केटी भित्र्याएपछि केटीलाई 'साईपाटा' दिनुपर्छ । गृह प्रवेश गर्दा जलपूर्ण कलश दुलहा-दुलहीले समातेका हुन्छन् । पहिले दुलहा पछि दुलही पस्ने चलन छ । बस्दा दाहिने दुलहा र देब्रेपट्टि दुलही बस्छिन् । टिका फर्का गर्दा दुलहीलाई दुलहाको जुठो खुवाइन्छ । त्यस समय कुल देवता लगायत जम्मै देवी देवताको नाममा धजा चढाइन्छ । विवाहमा केटीको घरमा मागनुसार अन्न पानी, मासु, रोटी पठाउने चलन छ । कतिपय मगरमा दुलही भित्र्याउँदा भाले काटेर त्यसको रगत मुल ढोकादेखि भित्रसम्म चुहाइन्छ । त्यसै रगतमा दुलहीले टेकेर भित्र पस्नुपर्ने चलन छ । यसो गरिएको कारण दुलहीको गुण अवगुण जान्नु हो । पारपाचुके गर्ने अधिकार पनि दुवै पक्षमा समानाधिकारको रुपमा बृहत छ ।

**जन्म संस्कार** : बच्चा जन्मेको ११ औं दिनमा न्वारान गरिन्छ, यदि छोरो भएमा छोरीको ९ दिनमा तर कसै कसैले ३/५/७ दिनभित्र गर्ने गर्छ । धामी झाँक्री वा कुटुम्बले (ज्वाई-फुपाद्वारा) न्वारान गर्छ तर आजभोलि ७५ प्रतिशत मगरहरूले ब्राम्हण पद्धतिद्वारा सम्पन्न गर्छन् । छोराको ७ महिना र छोरीको ५ महिनामा शुभ दिन पारेर भात खुवाई गरिन्छ ।

**मृत्यु संस्कार** : मरेको लासलाई जात भाई सिवाय अरुले छुन पाइदैन । कात्रो प्रयोगपछि ३ वा ५ ठाउँमा बाँधेर बाँसको काब्रा बनाएर लाश लगिन्छ । आजभोलि बाकसमा हालेर लाने पनि चलन छ । मगर सम्प्रदायमा गाड्ने (दफ्नाउने) प्रथा आदिकालदेखि प्रचलित छ तर आजभोली जलाइदैछ पनि । ९ दिन बारेर १० दिनमा कुटुम्बद्वारा शुद्धि गरिन्छ । कसैले १३ दिनमा पनि गर्छन् ब्राम्हण पद्धतिद्वारा गरिन्छ । १ वर्ष बरखी बार्ने चलन छ नसके ४५ दिनमा खोलिन्छ ।

**खानपिन** : सुँगुरको मासु, ढिंडो, रोटी भात, कन्दमुल, कुखुरा, बाखा खसी इत्यादि प्रिय खाद्य हुन् । भैंसी कतिपयले खान्छन् ।

**नाच तथा बाद्य यन्त्र** : मादल जातीय र लोक बाजा मुर्चुङ्गा, बिनायो थप डम्फु पनि बजाउने (तामाङहरूको बाजा भएपनि) चलन पश्चिममा मादल प्रिय । सोरठी, कौह्रा (करुवा) ज्यौलानी, झिमकिरी, घाँटु खैंचडी आदि शिकार खेल्नु शौखिन । ■

*(लेखक मगर लाफा संघ बर्साङ्का अध्यक्ष एवम् साहित्यकार हुन् ।)*

Raahaa, year 5, number 5, pus-jesth, 2055/56